جمعية خدمة المحتوى
الإسلامي باللغات

ब्रह्माण्डलाई कसले सृष्टि गर्यो ?
मलाई कसले र किन बनायो ?

مَنْ خَلَقَ الكَونَ؟ وَمَنْ خَلَقَنِي ؟ وَلِمَاذَا؟ | نيبالي | नेपाली

اللَّجْنَةُ العِلْمِيَّةُ
بِجَمْعِيَّةِ خِدْمَةِ المُحْتَوَى الإِسْلَامِيِّ بِاللُّغَاتِ

مَنْ خَلَقَ الكَونَ؟ وَمَنْ خَلَقَنِي؟ وَلِمَاذَا؟

ब्रह्माण्डलाई कसले सृष्टि गर्यो ?

मलाई कसले र किन बनायो ?

اللَّجْنَةُ العِلْمِيَّةُ
بِجَمْعِيَّةِ خِدْمَةِ المُحْتَوَى الإِسْلَامِيِّ بِاللُّغَاتِ

بِسْمِ اللهِ الرَّحمَنِ الرَّحِيمِ

ब्रह्माण्डलाई कसले सृष्टि गर्यो ? मलाई कसले र किन बनायो ?

के म सही मार्गमा छु?

आकाशहरू,र पृथ्वी र ती भित्रका अनगिन्ती प्राणीहरूका सृष्टिकर्ता को हुन्?

आकाश र पृथ्वीमा यो सटीक र बलियो प्रणाली कसले स्थापना गऱ्यो?

मानिसलाई कसले सृष्टि गऱ्यो, उसलाई कान, आँखा र बुद्धि कसले दियो र उसलाई ज्ञान प्राप्त गर्न र तथ्यहरू बुझ्न सक्षम कसले बनायो?

तपाईंको शरीर भित्र सबैभन्दा सूक्ष्म प्रणाली कसले बनायो र कसले तपाईंलाई यो सुन्दर आकार दियो?

ब्रह्माण्डका विभिन्न प्रकारका जीवित प्राणीहरूको संरचनामा विचार गर्नुहोस् र (भन्नुहोस्) कसले यी असीमित प्राणीहरूलाई यति धेरै रंग रूपहरूले बनायो?

यो विशाल ब्रह्माण्ड वर्षौंदेखि कसरी व्यवस्थित र स्थिर रूपमा आफ्ना नियमनको साथ चलिरहेको छ?

यस संसारलाई नियन्त्रण गर्ने नियमहरू (जीवन र मृत्यु,

जीवहरूको प्रजनन, दिन र रात, मौसम परिवर्तन, आदि) कसले स्थापना गऱ्यो ?

के यो ब्रह्माण्डले आफूलाई आफैं सिर्जना गरेको हो ? कि शून्यबाट आएको हो ? कि संयोगवश अस्तित्वमा आएको हो ? अल्लाह भन्नुहुन्छ:

﴿أَمْ خُلِقُوا مِنْ غَيْرِ شَيْءٍ أَمْ هُمُ الْخَالِقُونَ ۝٣٥ أَمْ خَلَقُوا السَّمَاوَاتِ وَالْأَرْضَ بَلْ لَا يُوقِنُونَ ۝٣٦﴾

के उनीहरू बिना कुनै कारण सिर्जना भएका हुन्? वा के उनीहरू आफैं सिर्जनाकर्ता हुन्? (३५)

वा तिनीहरूले आकाशहरू र पृथ्वीलाई सृष्टि गरेका हुन् ? बरू तिनीहरू विश्वास नै गर्दैनन् ।" (अत्तूरः ३५-३६) ।

यदि हामीले आफूलाई सिर्जना गरेको छैनौं र हामी शून्यबाट वा अचानक संयोगले जन्मिएको कुरा पनि असम्भव छ भने, तब शतप्रतिशत तथ्य के छ भने यस संसारको एक महान र शक्तिशाली सृष्टिकर्ता हुनुहुन्छ, किनभने यो ब्रह्माण्ड आफैं अस्तित्वमा आउन वा शून्यताबाट वा अचानक अस्तित्वमा आउन असम्भव कुरा हो !

मानिसले देख्न नसक्ने कुराहरूको अस्तित्वमा किन विश्वास गर्छ? जस्तै : (बोध, बुद्धि, आत्मा, भावना र प्रेम)

तिनको प्रभाव देखेकोले होइन र ? त्यसोभए एक व्यक्तिले कसरी यस महान् ब्रह्माण्डको सृष्टिकर्ताको अस्तित्वलाई अस्वीकार गर्न सक्छ जब उसले उहाँको सृष्टिहरू, उहाँको काम र उहाँको कृपाको प्रभावहरू देखिरहेको छ?!

यो भवन कसैले नबनाई आफैंले निर्माण भएको हो ! वा शून्यले यो घरलाई अस्तित्वमा ल्याएको हो! भनियो भने कुनै समझदार व्यक्तिले पत्याउन तयार हुँदैन । यस्तो अवस्थामा यो महान् ब्रह्माण्ड सृष्टिकर्ता बिना अस्तित्वमा आएको हो दाबीलाई कसरी स्वीकार गर्ने ? ब्रह्माण्डको यो सूक्ष्म र सटीक व्यवस्था संयोगले स्थापित भएको हो भनी कुनै पनि समझदार व्यक्तिले कसरी विश्वास गर्न सक्छ र ?

यी सबै कुराले हामीलाई एउटै निष्कर्षमा पुऱ्याउँछन्, यस ब्रह्माण्डको एक महान, शक्तिशाली सृष्टिकर्ता हुनुहुन्छ, जसले यसलाई चलाउनुहुन्छ र उहाँ एक्लै पूजा योग्य हुनुहुन्छ र उहाँ बाहेक जजसलाई पूजा गरिन्छ, त्यो गलत हो। किनकि उहाँ बाहेक उपासना योग्य कोही छैन ।

महान सृष्टिकर्ता परमेश्वर

यस संसारको सृष्टिकर्ता एक हुनुहुन्छ । उहाँ नै मालिक, प्रबन्धक र पालनपोषणकर्ता हुनुहुन्छ । जीवन र मृत्यु उहाँकै

हातमा छ । उहाँ नै हुनुहुन्छ जसले पृथ्वीलाई सृष्टि गर्नुभयो र यसलाई सहज र आफ्ना सृष्टिहरूका लागि उपयुक्त बनाउनुभयो । उहाँ नै हुनुहुन्छ जसले आकाश र त्यसमा रहेका ठुलाठुला प्राणीहरू सृष्टि गर्नुभयो । उहाँले नै सूर्य, चन्द्रमा, दिन र रातका लागि सूक्ष्म प्रणाली स्थापना गर्नुभयो, जसले उहाँको महानतालाई दर्शाउँछ ।

उहाँले नै हावालाई हाम्रो अधीनमा राख्नुभयो, जस बिना हामी बाँच्न सक्दैनौं । हाम्रो लागि वर्षा गराउने उहाँ नै हुनुहुन्छ । उहाँले नै हाम्रो लागि समुद्र र नदीहरू सृष्टि गर्नुभयो । आमाको गर्भमा अति कमजोर हुँदा उहाँले हामीलाई खाना र सुरक्षा दिनुभयो । त्यसपछि जन्मदेखि मृत्युसम्म हाम्रो नसामा रगत बगाइरहने उहाँ नै हुनुहुन्छ ।

यो पालनकर्ता, सृष्टिकर्ता र जीविकोपार्जनकर्ता अल्लाह हुनुहुन्छ ।

अल्लाहले भन्नुभएको छ:

﴿إِنَّ رَبَّكُمُ اللَّهُ الَّذِي خَلَقَ السَّمَاوَاتِ وَالْأَرْضَ فِي سِتَّةِ أَيَّامٍ ثُمَّ اسْتَوَى عَلَى الْعَرْشِ يُغْشِي اللَّيْلَ النَّهَارَ يَطْلُبُهُ حَثِيثًا وَالشَّمْسَ وَالْقَمَرَ وَالنُّجُومَ مُسَخَّرَاتٍ بِأَمْرِهِ أَلَا لَهُ الْخَلْقُ وَالْأَمْرُ تَبَارَكَ اللَّهُ رَبُّ الْعَالَمِينَ ﴿٥٤﴾﴾

निस्सन्देह, तिम्रो पालनकर्ता अल्लाह हुनुहुन्छ, जसले ६

दिनमा सबै आकाशहरू र पृथ्वीलाई सृष्टि गर्नुभयो, त्यसपछि अर्श (राज सिंहासन) मा मुस्तवी (विराजमान) हुनुभयो । दिनलाई रातबाट यसरी ढाकीदिन्छ कि दिन रातिको पछि दोड़ेर आउँछ । सूर्य, चन्द्रमा र अन्य ताराहरू सबै उहाँको आदेशको अधीनमा हुन्छन् । सुन्नुहोस्! सम्पूर्ण सृष्टि उसैको हो र आदेश पनि उसैको हो । यो अल्लाहसर्वगुण सम्पन्न छ जो सबै बरहमांड को पालनकर्ता हुनुहुन्छ । [अल-आराफ : ५४]

अल्लाह यस संसारमा सबै दृश्य र अदृश्य चीजहरूको सृष्टिकर्ता र पालनकर्ता हुनुहुन्छ । र उहाँको बाहेक सबै उहाँका सृष्टि गरिएको प्राणीहरू हुन्। । उहाँ मात्र आराधना योग्य हुनुहुन्छ । उहाँ बाहेक अरू कसैको पूजा गर्नु हुँदैन । उहाँको राज्य, सृष्टि, संचालन वा उपासनामा कोही साझेदार छैन ।

एक क्षिणको लागि यदि अल्लाह बाहेक अरु उपासक हुन्थ्यो भने यो संसारको व्यवस्था नै नाश भइसकेको हुन्थ्यो, किनकि यो संसारलाई एकै साथ दुई पालनकर्ताले चलाउनु सम्भव छैन । अल्लाहले भन्नुभयो:

﴿لَوْ كَانَ فِيهِمَا آلِهَةٌ إِلَّا اللَّهُ لَفَسَدَتَا...﴾

"यदि स्वर्ग र पृथ्वीमा अल्लाह बाहेक अन्य ईश्वरहरू भए

पक्कै दुबै भ्रष्ट हुने थिए ।" (अल्-अम्बिया : २२)

सृष्टिकर्ताका गुणहरू

पवित्र पालनकर्ताका अनगिन्ती राम्रा नामहरू र उहाँको पूर्णतालाई दर्शाउने धेरै उत्कृष्ट गुणहरू छन् । उहाँको एउटा नाम "अल-खालिक" (सृष्टिकर्ता) र अर्को नाम "अल्लाह" हो जसको अर्थ हो: परमेश्वर, जो उपासना योग्य हुनुहुन्छ र उहाँको कुनै साझेदार छैन । त्यसैगरी "अल-हैय" (जीवित), "अल-कय्यूम" (आत्म-निर्भर), "अल-रहीम" (दयालु), "अल-राजिक" (दाता) र "अल-करीम" (उद्दार) आदि उहाँका नामहरू हुन् ।

अल्लाहले पवित्र कुर्आनमा भन्नुभएको छ:

﴿اللَّهُ لا إِلَهَ إِلَّا هُوَ الْحَيُّ الْقَيُّومُ لا تَأْخُذُهُ سِنَةٌ وَلا نَوْمٌ لَهُ مَا فِي السَّمَوَاتِ وَمَا فِي الأَرْضِ مَنْ ذَا الَّذِي يَشْفَعُ عِنْدَهُ إِلَّا بِإِذْنِهِ يَعْلَمُ مَا بَيْنَ أَيْدِيهِمْ وَمَا خَلْفَهُمْ وَلا يُحِيطُونَ بِشَيْءٍ مِنْ عِلْمِهِ إِلَّا بِمَا شَاءَ وَسِعَ كُرْسِيُّهُ السَّمَوَاتِ وَالأَرْضَ وَلا يَئُودُهُ حِفْظُهُمَا وَهُوَ الْعَلِيُّ الْعَظِيمُ ﴿٢٥٥﴾﴾

(अल्लाहबाहेक कोही वास्तविक पूज्य छैन । उहाँकै लागि परिपूर्ण जीवन छ एवम् चिरस्थायी छन् । । उहाँलाई न त उंघ लाग्छ न निन्द्रा नै । आकाशहरू तथा पृथ्वीका सम्पूर्ण सृष्टि र कुराहरू उहाँकै हुन् । उहाँको अनुमतिबिना कसैले सिफारिश

गर्न सक्दैन । विगतमा घटेका र भविष्यमा घटिने सबै कुराहरू राम्ररी जान्नुहुन्छ । उहाँले नचाहेसम्म कसैले पनि उहाँको ज्ञानको सानो अंश जान्न सक्दैन । उहाँ जति चाहनुहुन्छ त्यति मात्र ज्ञान प्रदान गर्नुहुन्छ । उहाँको कुर्सी (सिंहासन) आकाशहरू तथा पृथ्वीलाई व्यापक छ । आकाशहरू तथा पृथ्वीको संरक्षणले उहाँलाई थकित तुल्याउँदैन । उहाँ सर्वोच्च र महान हुनुहुन्छ ।) [सूरह अल्-बकरह : २५५]

अल्लाहले भन्नुभएको छ :

﴿قُلْ هُوَ اللَّهُ أَحَدٌ ۝١ اللَّهُ الصَّمَدُ ۝٢ لَمْ يَلِدْ وَلَمْ يُولَدْ ۝٣ وَلَمْ يَكُنْ لَهُ كُفُوًا أَحَدٌ ۝٤﴾

(भन्नुहोस्: अल्लाह एक हुनुहुन्छ (१) ।

अल्लाह निरपेक्ष हुनुहुन्छ (२) ।

नत उहाँले कसैलाई जन्म दिनुभएको छ नत कोही उहाँबाट जन्मेको छ (३) ।

उहाँको बराबर कोही पनि छैन) । (अल् इख्लासः १-४) ।

सत्य इश्वर (अल्लाह) आफ्ना सबै गुणहरूमा परिपूर्ण हुनुहुन्छ ।

उहाँको एउटा विशेषता के छ भने उहाँ केवल पूजनीय

हुनुहुन्छ र उहाँ बाहेक सबै उहाँकै सृष्टि र उहाँकै अधीनमा छन् ।

उहाँको एउटा गुण के छ भने उहाँ जीवित र आत्मनिर्भर हुनुहुन्छ । यो पृथ्वीमा रहेका हरेक प्राणीलाई उहाँले नै शून्यबाट सृष्टि गर्नुभएको हो । उहाँले सबैलाई जीविका प्रदान गर्नुहुन्छ, उनीहरूका आवश्यकताहरू पूरा गर्नुहुन्छ र यो संसारको हेरचाह गर्नुहुन्छ । पालनकर्ता सदा जीवित हुनुहुन्छ, उहाँ मर्नुहुन्न, उहाँको विनाश असम्भव छ , किनभने उहाँ अनन्त हुनुहुन्छ र उहाँलाई नत निन्द्रा लाग्छ नत उन्घ आउँछ ।

उहाँ (अल्लाह) को अर्को गुण के छ भने उहाँ सर्वज्ञ हुनुहुन्छ, आकाश र पृथ्वीमा कुनै पनि कुरा उहाँबाट लुकेको छैन ।

उहाँको एउटा गुण के छ भने उहाँ श्रोता र द्रष्टा हुनुहुन्छ । उहाँले सबै कुराहरू सुन्नुहुन्छ र हरेक सृष्टिलाई देख्नुहुन्छ । हृदयमा उत्पन्न हुने विचारहरू र छातीमा लुकेका कुराहरू पनि उहाँ राम्ररी जान्नुहुन्छ । आकाश वा पृथ्वीमा कुनै पनि कुरा उहाँबाट लुक्न सक्दैन ।

उहाँको एउटा विशेषता के छ भने उहाँ कदीर (सर्वशक्तिमान) हुनुहुन्छ । उहाँलाई कसैले नत हराउन

सक्छ नत उहाँको इच्छालाई रोक्न सक्छ । उहाँ जे चाहनुहुन्छ गर्नुहुन्छ र जे चाहनुहुन्छ निषेध गर्नुहुन्छ । उहाँ जसलाई चाहनुहुन्छ अगाडि लैजानुहुन्छ र जसलाई चाहनुहुन्छ पछाडि गर्नुहुन्छ । उहाँ सर्वज्ञानी र बुद्धिमान हुनुहुन्छ ।

उहाँको एउटा विशेषता के छ भने उहाँ सृष्टिकर्ता, पालनपोषणकर्ता र सञ्चालक हुनुहुन्छ । उहाँले नै यो संसार सृष्टि गर्नुभएको हो र उहाँले नै व्यवस्थापन गर्नुहुन्छ । सबै सृष्टि उहाँकै अधीन र दमनमा छ ।

उहाँको एउटा गुण के छ भने उहाँ असहायको पुकार सुन्नुहुन्छ, दुःखमा परेकाहरूलाई राहत दिनुहुन्छ र तिनीहरूको पीडालाई हटाउनुहुन्छ । हरेक सृष्टिले संकट वा समस्यामा परेपछि थकित र परास्त भएर उहाँकै शरण लिन्छन् ।

उपासना केवल अल्लाहको लागि हुनुपर्छ, किनकि उहाँ एक मात्र पूर्ण र उपासना योग्य हुनुहुन्छ । उहाँ बाहेक जजसको पूजा गरिन्छ, त्यो मिथ्या र अन्धविश्वास हो । उहाँबाहेक सबै मृत्यु र विनाशको शिकार हुनेछन् ।

अल्लाहले हामीलाई दिमाग प्रदान गर्नुभएको छ, जसले हामी उहाँको महानता महसुस गर्नसक्छौं । उहाँले हामीभित्र

जन्मजात यस्तो प्रकृति स्थापित गर्नुभएको छ, जसले असल कुरालाई मनपराउछ, र खराबलाई घृणा गर्छ। जब हामी विश्वका प्रभु; अल्लाहतिर फर्कन्छौं, तब सन्तुष्टि प्राप्त हुन्छ । यो प्रकृतिले उहाँको पूर्णता र शुद्धतालाई संकेत गर्दछ । किनकि अल्लाहलाई कुनै दोषद्वारा चित्रण गर्न सकिँदैन ।

परमात्मा बाहेक अरू कसैको पूजा गर्नु बुद्धिमानी व्यक्तिको लागि उचित हुँदैन । त्यसोभए कसरी मानिसले आफूजस्तै अपूर्ण प्राणीको, वा आफूभन्दा तल्लोस्तरको प्राणीको पूजा गर्न सक्छ ?

भगवान मानिस, मूर्ति, रूख वा जनावर हुन सक्दैन !

अल्लाह, आकाश भन्दा माथि आफ्नो अर्श (सिंहासन) मा मुस्तवी (उच्च) हुनुहुन्छ । उहाँ आफ्नो सृष्टिबाट अलग हुनुहुन्छ । उहाँभित्र नत कुनै सृष्टि निहित छ नत उहाँ कुनै सृष्टिभित्र निहित हुनुहुन्छ । नत उहाँ कुनै सृष्टिमा प्रवेश गर्नुहुन्छ नत कुनै सृष्टिको रूपमा प्रकट हुनुहुन्छ ।

अल्लाह जस्तो कोही छैन, उहाँ नै सर्वश्रोता तथा सर्वदर्शी हुनुहुन्छ, उहाँको बराबर कोही छैन, उहाँ आफ्नो सृष्टिदेखि निरपेक्ष हुनुहुन्छ, उहाँ न सुत्नु हुन्छ न खानपिन गर्नुहुन्छ । उहाँ महान हुनुहुन्छ र उहाँको पत्नी वा छोरा हुन सक्दैन; किनभने सृष्टिकर्ताका उत्कृष्ट र महान गुणहरू छन् र

उहाँलाई कुनै चीजको आवश्यकता वा कमीकमजोरीले चित्रण गर्न सकिँदैन ।

अल्लाहले भन्नुभएको छ :

﴿يَا أَيُّهَا النَّاسُ ضُرِبَ مَثَلٌ فَاسْتَمِعُوا لَهُ إِنَّ الَّذِينَ تَدْعُونَ مِنْ دُونِ اللَّهِ لَنْ يَخْلُقُوا ذُبَابًا وَلَوِ اجْتَمَعُوا لَهُ وَإِنْ يَسْلُبْهُمُ الذُّبَابُ شَيْئًا لَا يَسْتَنْقِذُوهُ مِنْهُ ضَعُفَ الطَّالِبُ وَالْمَطْلُوبُ ۝٧٣ مَا قَدَرُوا اللَّهَ حَقَّ قَدْرِهِ إِنَّ اللَّهَ لَقَوِيٌّ عَزِيزٌ ۝٧٤﴾

(हे मानिसहरू हो! एउटा उदाहरण प्रस्तुत गरिएको छ, यसलाई ध्यान दिएर सुन ! निस्सन्देह, अल्लाह बाहेक जसलाई तिमीहरू उपासना गर्छौं, तिनीहरूले एउटा झिंगा पनि सृजना गर्न सक्दैनन्, यद्यपि तिनीहरू त्यसको लागि एकसाथ जम्मा भए पनि । यदि झिंगाले तिनीहरूबाट केही खोस्यो भने, तिनीहरूले त्यसलाई पनि बचाउन सक्दैनन्, उपासक र उपास्य दुवै कमजोर छन् । (७३)

उनीहरूले अल्लाहलाई ऊहाँको हैसियत अनुसार कदर गरेनन्! निस्सन्देह अल्लाह सबैभन्दा शक्तिशाली र पराक्रमी हुनुहुन्छ ।) (अल्-हज्ज: ७३-७४)

महान् सृष्टिकर्ताले हामीलाई किन सृष्टि गर्नुभयो? उहाँ हामीबाट के चाहनुहुन्छ?

के यो सम्भव छ, ल्लाहले यी सबै सृष्टिहरू कुनै उद्देश्य

बिना सिर्जना गर्नुभयो? के उहाँले यसलाई व्यर्थ र बिना कारण सिर्जना गर्नुभयो, उहाँ बुद्धिमान् र सर्वज्ञ हुनुहुन्छ?

के यो सम्भव छ, जसले हामीलाई यति सटीक र कुशलताका साथ सृष्टि गर्नुभयो र आकाश र पृथ्वीमा भएका सबै कुराहरू हाम्रो सेवा र फाइदाका लागि बनाउनुभयो, उनले हामीलाई बिना कुनै उद्देश्य सिर्जना गर्नुभएको छ ? वा हामीलाई ती महत्त्वपूर्ण प्रश्नहरूको उत्तर बिना नै छाड्नुहुनेछ , जस्तै: हामी किन यहाँ छौं? मृत्युपछि के हुन्छ? हाम्रो सृष्टिको उद्देश्य के हो?

के यो सम्भव छ कि अत्याचारीलाई कुनै सजाय हुँदैन? र उपकार गर्नेलाई कुनै पुरस्कार हुँदैन?

अल्लाहले भन्नुभएको छ :

﴿أَفَحَسِبْتُمْ أَنَّمَا خَلَقْنَاكُمْ عَبَثًا وَأَنَّكُمْ إِلَيْنَا لَا تُرْجَعُونَ ﴿١١٥﴾﴾

"के तिमीहरू सोच्दछौ, हामीले तिमीहरूलाई व्यर्थ र उद्देश्यविहीन सृष्टि गरेका छौं र तिमीहरू हामीकहाँ फर्काइने छैनौ?" [अल् मूमिनून: ११५] ।

बरु, अल्लाहले हाम्रो अस्तित्वको उद्देश्य बताउन सन्देशवाहकहरू पठाउनुभयो । हामी उहाँको उपासना कसरी गर्ने? उहाँसँग नजिक कसरी हुने? उहाँ हामीबाट के चाहनुहुन्छ? हामी उहाँको खुशी कसरी प्राप्त गर्न सक्छौं ?

मृत्युपछि हाम्रो अवस्था कस्तो हुन्छ ? आदि कुराहरू सन्देशवाहकहरूले हामीलाई बताउनु भयो ।

केवल अल्लाह उपासना योग्य हुनुहुन्छ भनेर हामीलाई बताउन, उहाँको आराधना कसरी गर्ने भनेर सिकाउन, उहाँका आज्ञाहरू र निषेधहरूबारे जानकारी दिन र नैतिक मूल्यहरू सिकाउनका लागि अल्लाहले सन्देशवाहकहरू पठाउनुभयो । यदि हामीले तिनीहरूलाई पछ्याउने हो भने हाम्रो जीवन भलाइ र आशिषले भरिनेछ ।

अल्लाहले धेरै सन्देशवाहकहरू पठाउनुभयो, जस्तैः (नूह, इब्राहीम, मुसा र येशू) । अल्लाहले उनीहरूलाई चिन्हहरू र चमत्कारहरूद्वारा समर्थन गर्नुभयो जसले उनीहरू अल्लाहद्वारा पठाइएका साँचा नबी र दूतहरू हुन् भनेर प्रमाणित गर्दछ । यस श्रृंखलाको अन्तिम दूत मुहम्मद (सल्लल्लाहु अलैहि व सल्लम) हुनुहुन्छ ।

यो जीवन परीक्षा हो र वास्तविक जीवन मृत्यु पछिको जीवन हो भनेर सन्देशवाहकहरूले स्पष्ट रूपमा भनेका छन् ।

केवल एक अल्लाहको उपासना गर्ने, उहाँको उपासनामा अरू कसैलाई साझेदार नगर्ने र उहाँद्वारा पठाइएका सबै रसूलहरूमाथि ईमान ल्याउनेहरूका लागि अल्लाहले स्वर्ग

त्ययार पारिएको छ र अन्य देवी-देवताहरूको पूजा गर्ने वा उहाँद्वारा पठाइएका रसूलहरूलाई अस्वीकार गर्ने काफिरहरूका लागि नर्क तयार पारिएको छ ।

अल्लाहले भन्नुभएको छ :

﴿يَا بَنِي آدَمَ إِمَّا يَأْتِيَنَّكُمْ رُسُلٌ مِنْكُمْ يَقُصُّونَ عَلَيْكُمْ آيَاتِي فَمَنِ اتَّقَى وَأَصْلَحَ فَلَا خَوْفٌ عَلَيْهِمْ وَلَا هُمْ يَحْزَنُونَ ۝٣٥ وَالَّذِينَ كَذَّبُوا بِآيَاتِنَا وَاسْتَكْبَرُوا عَنْهَا أُولَئِكَ أَصْحَابُ النَّارِ هُمْ فِيهَا خَالِدُونَ ۝٣٦﴾

“हे आदमका सन्तानहरू! जब तिमीहरूकहाँ तिमीहरु मध्येबाट रसूल (दूत) हरू आउँछन्, जसले तिमीहरूलाई मेरा आयत (वचन) हरू सुनाउँछन्, तब जो डराउँछ र आफूलाई सुधार्छ, उनीहरुलाई न कुनै डर हुनेछ न उनीहरु शोक गर्नेछन् (३५) ।

र जसले हाम्रा आयतहरूलाई इन्कार गर्छन् अनि घमण्ड गर्छन्, तिनीहरू नै नर्कवासी हुन्, तिनीहरू यसमा सधैंभरि रहनेछन् ।” [अल्-आअराफः ३५-३६] ।

अल्लाहले भन्नुभएको छ :

﴿يَا أَيُّهَا النَّاسُ اعْبُدُوا رَبَّكُمُ الَّذِي خَلَقَكُمْ وَالَّذِينَ مِنْ قَبْلِكُمْ لَعَلَّكُمْ تَتَّقُونَ ۝٢١ الَّذِي جَعَلَ لَكُمُ الْأَرْضَ فِرَاشًا وَالسَّمَاءَ بِنَاءً وَأَنْزَلَ مِنَ السَّمَاءِ مَاءً فَأَخْرَجَ بِهِ مِنَ الثَّمَرَاتِ رِزْقًا لَكُمْ فَلَا تَجْعَلُوا لِلَّهِ أَنْدَادًا وَأَنْتُمْ تَعْلَمُونَ ۝٢٢ وَإِنْ كُنْتُمْ فِي رَيْبٍ مِمَّا نَزَّلْنَا عَلَى عَبْدِنَا فَأْتُوا بِسُورَةٍ مِنْ مِثْلِهِ وَادْعُوا شُهَدَاءَكُمْ مِنْ

دُونِ اللَّهِ إِنْ كُنْتُمْ صَادِقِينَ ﴿٢٣﴾ فَإِنْ لَمْ تَفْعَلُوا وَلَنْ تَفْعَلُوا فَاتَّقُوا النَّارَ الَّتِي وَقُودُهَا النَّاسُ وَالْحِجَارَةُ أُعِدَّتْ لِلْكَافِرِينَ ﴿٢٤﴾ وَبَشِّرِ الَّذِينَ آمَنُوا وَعَمِلُوا الصَّالِحَاتِ أَنَّ لَهُمْ جَنَّاتٍ تَجْرِي مِنْ تَحْتِهَا الْأَنْهَارُ كُلَّمَا رُزِقُوا مِنْهَا مِنْ ثَمَرَةٍ رِزْقًا قَالُوا هَذَا الَّذِي رُزِقْنَا مِنْ قَبْلُ وَأُتُوا بِهِ مُتَشَابِهًا وَلَهُمْ فِيهَا أَزْوَاجٌ مُطَهَّرَةٌ وَهُمْ فِيهَا خَالِدُونَ ﴿٢٥﴾

(हे मानिसहरू! आफ्ना प्रभुको उपासना गर, जसले तिमीहरूलाई र तिमीहरूभन्दा अघिका मानिसहरूलाई सृष्टि गर्नुभयो, ताकि तिमीहरू धर्मी बन्न सक (२१) ।

जसले तिम्रो लागि धर्तीलाई ओछ्यान र आकाशलाई छाना बनाउनुभयो र आकाशबाट पानी बर्साउनुभयो र त्यसबाट तिम्रो जीवनयापनको लागि अनेक प्रकारका फलफूलहरू उत्पादन गर्नुभयो । तसर्थ तिमीहरू जानीजानी अल्लाहसँग कोही साझेदार नबनाउ ।" (२२)

यदि तिमीहरूलाई हाम्रो सेवक (मुहम्मद ﷺ) माथि हामीले अवतरित गरेको कुरामा शंका छ भने तिमीहरू उस्तै एउटा सुरह (अध्याय) प्रस्तुत गर र अल्लाहबाहेक आफ्ना सहयोगीहरूलाई बोलाऊ यदि तिमीहरू साँचो छौ भने (२३) ।

तर यदि तिमीहरूले त्यसो गर्न सकेनौं र तिमीहरूले कहिल्यै गर्न ससक्दैनौ भने (यसलाई सत्य मानेर) त्यस आगोबाट डराऊ जसको इन्धन मानिस र ढुङ्गाहरू हुन्, जुन काफिरहरूका लागि तयार गरिएको छ (२४) ।

(हे पैगम्बर!) आस्थावान र असल कर्म गर्नेहरूलाई बगैंचा (स्वर्ग) को सुसमाचार दिनुहोस्, जसको मुनि नदीहरू बगिरहने छन् । जब उनीहरूलाई खानको लागि कुनै फल दिइन्छ, तब तिनीहरूले भन्नेछन्: यो हामीलाई पहिले दिइएको थियो, जबकि तिनीहरूलाई समान आकारको अर्को फल दिइएको थियो । तिनीहरूका लागि पवित्र पत्नीहरू हुनेछन् र तिनीहरू त्यहाँ सधैंभरि रहनेछन् ।" (२५) [अल-बकरह : २१-२५] ।

किन धेरै रसूल (दूत) हरू पठाइयो?

अल्लाहले सम्पूर्ण समुदायहरूमा रसूल (दूत) हरूलाई पठाउनुभयो । एक अल्लाहको उपासना गर्न र उहाँका आदेशहरू र निषेधहरूबारे जानकारी दिन सन्देशवाहक नपठाएको कुनै समुदाय छैन । सम्पूर्ण दूतहरूको दावत (आह्वान) को लक्ष्य केवल सर्वशक्तिमान अल्लाहको उपासना गर्नु थियो । जब कुनै समुदायले दूतको शिक्षा; तौहीद (एकेश्वरवाद) लाई त्याग्न वा विकृत गर्न थाल्यो, अल्लाहले त्यसलाई सच्याउन र सुधार गर्न अर्को दूत पठाउनुभयो ।

अल्लाहले सन्देशवाहकहरूको शृंखलालाई मुहम्मद

(सल्लल्लाहु अलैहि वसल्लम) द्वारा समाप्त गर्नुभयो । इस्लाम सम्पूर्ण मानवजातिका लागि प्रलयको दिन सम्म एक पूर्ण र शाश्वत धर्म हो । यो पहिलेका सबै शरीयतहरूको पूरक र सार हो । यसले अघिल्लो शरीयतहरूलाई रद्द गरेको छ । अल्लाहले स्वयम कयामतको दिनसम्मका लागि यसको सुरक्षा र निरन्तरताको ग्यारेन्टी दिनुभएको छ ।

सम्पूर्ण दूतहरूमा विश्वास नगरी कोही मुमिन (आस्तिक) हुन सक्दैन ।

अल्लाहले नै सम्पूर्ण सन्देशवाहकहरू पठाउनुभयो र सबै सृष्टिहरूलाई उनीहरूको अनुसरण गर्न आदेश दिनुभयो । जसले यी दूतहरूमध्ये एकलाई पनि इन्कार गर्यो भने मानौं उसले सबैलाई इन्कार गर्यो । किनकि मानिसले अल्लाहको वही (प्रकाशना) लाई अस्वीकार गर्नुभन्दा ठूलो पाप अरू केही हुन सक्दैन । तसर्थ, स्वर्गमा प्रवेश गर्न सबै दूतहरूमा विश्वास गर्न आवश्यक छ ।

तसर्थ, आज प्रत्येक व्यक्तिले अल्लाह, उहाँका सबै रसूलहरू र अन्तिम दिनमा विश्वास गर्नु अनिवार्य छ । जुन केवल अन्तिम पैगम्बर; मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) मा विश्वास र उहाँको अनुसरण गरेर गर्न सकिन्छ

। अल्लाहले उहाँलाई पवित्र कुर्आनको रुपमा अनन्त चमत्कारले समर्थन गर्नुभएको छ र त्यसलाई न्यायको दिनसम्म सुरक्षित राख्ने जिम्मेवारी आफैले लिनुभएको छ ।

अल्लाहले पवित्र कुर्आनमा उल्लेख गर्नुभएको छ, जसले उहाँका दूतहरूमध्ये कुनै पनि दूतलाई इन्कार गर्छ भने त्यो वास्तवमा अल्लाह र उहाँको

वह्य (प्रकाशना) को इन्कार हो । अल्लाह भन्नुहुन्छ:

﴿إِنَّ الَّذِينَ يَكْفُرُونَ بِاللَّهِ وَرُسُلِهِ وَيُرِيدُونَ أَنْ يُفَرِّقُوا بَيْنَ اللَّهِ وَرُسُلِهِ وَيَقُولُونَ نُؤْمِنُ بِبَعْضٍ وَنَكْفُرُ بِبَعْضٍ وَيُرِيدُونَ أَنْ يَتَّخِذُوا بَيْنَ ذَلِكَ سَبِيلًا ﴿١٥٠﴾ أُولَٰئِكَ هُمُ الْكَافِرُونَ حَقًّا وَأَعْتَدْنَا لِلْكَافِرِينَ عَذَابًا مُهِينًا ﴿١٥١﴾﴾

"वास्तवमा, जो अल्लाह र उहाँका रसूल (दूत) हरूलाई मान्दैनन् र अल्लाह तथा उहाँका रसूलहरू बीच भिन्नता देखाउन चाहन्छन् र भन्छन्, हामी केहीमा विश्वास गर्छौं र केहीलाई इन्कार गर्छौं र तिनीहरू यसको बीचको बाटो खोज्न चाहन्छन् । (१५०)

यिनीहरू नै वास्तविक काफिर हुन् र हामीले काफिरहरूका लागि अपमानजनक दण्ड तयार गरेका छौं ।" [अन्-निसा: १५०-१५१] ।

तसर्थ, हामी मुस्लिमहरू अल्लाह र अन्तिम दिनमा विश्वास गर्छौं - जसरी अल्लाहले आज्ञा दिनुभएको छ - र

हामी अघिल्ला सम्पूर्ण सन्देशवाहकहरू र पुस्तकहरूमा विश्वास गर्छौं । अल्लाहले भन्नुभएको छ:

﴿آمَنَ الرَّسُولُ بِمَا أُنْزِلَ إِلَيْهِ مِنْ رَبِّهِ وَالْمُؤْمِنُونَ كُلٌّ آمَنَ بِاللَّهِ وَمَلَائِكَتِهِ وَكُتُبِهِ وَرُسُلِهِ لَا نُفَرِّقُ بَيْنَ أَحَدٍ مِنْ رُسُلِهِ وَقَالُوا سَمِعْنَا وَأَطَعْنَا غُفْرَانَكَ رَبَّنَا وَإِلَيْكَ الْمَصِيرُ ﴿٢٨٥﴾﴾

"रसूलहरूले अल्लाहबाट अवतरण गरेको कुरामा विश्वास गरे र आस्थावानहरूले पनि । तिनीहरू सबैले अल्लाह, उहाँका फरिश्ताहरू, उहाँका पुस्तकहरू र उहाँका सन्देशवाहकहरूमाथि विश्वास गरे । (उनीहरू भन्छन्:) हामी उहाँका दूतहरूमध्ये कसै माथि कुनै भेदभाव गर्दैनौं । उनीहरूले भने, हामीले सुन्यौं र पालन गर्यौं । हे हाम्रा पालनकर्ता ! हामी तपाईंसँग क्षमा माग्छौं र तिमीतर्फ नै हामीहरूलाई फर्कनुछ ।" [अल्-बकरह २८५] ।

पवित्र कुर्आन के हो?

पवित्र कुर्आन अल्लाहको वचन र वह्य (प्रकाशन) हो जुन उहाँले आफ्ना अन्तिम दूत मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) माथि अवतरण गर्नुभयो । यो उहाँको नबुवतको सत्यतालाई प्रमाणित गर्ने सबैभन्दा ठूलो चमत्कार हो। पवित्र कुर्आनमा उल्लेखित नियमहरू र सूचनाहरू सबै सत्य

छन् । अल्लाहले कुर्आनलाई झुठो ठहर गर्नेहरूलाई कुर्आन जस्तै एउटा सूरह प्रस्तुत गर्न चुनौती दिनुभयो, तर तिनीहरू त्यसो गर्न असमर्थ भए; किनभने कुर्आनको शैली, विषयवस्तु, समावेशिता र मानिससँग सम्बन्धित लोक र परलोका सामग्रीहरू उत्कृष्ट छन् । त्यस्तै यसमा आस्थासँग सम्बन्धित ती सबै कुराहरू समावेश गरिएका छन्, जसमा आस्था राख्नु अनिवार्य छ । त्यसैगरी यसमा व्यक्तिले आफ्नो र आफ्नो प्रभुको बीच वा उसको र उसको आत्माको बीचमा, उसको र अन्य प्राणीहरूको बीच पालना गर्नुपर्ने आदेशहरू र निषेधहरू पनि समावेश छन् र यी सबै कुराहरू स्पष्ट, उच्च शैलीहरू र प्रभावकारी तरिकामा उल्लेख छन् । यसमा धेरै बौद्धिक तर्क र वैज्ञानिक तथ्यहरू समावेश छन्, जसले प्रमाणित गर्दछ कि यो पुस्तक मानवद्वारा सिर्जना गरिएको होइन, बरु यो मानिसहरूको सृष्टिकर्ताको वचन हो ।

इस्लाम भनेको के हो ?

इस्लाम भनेको एकेश्वरवादको आस्था साथ, अल्लाहप्रति समर्पित हुनु, आज्ञाकारिताका साथ उहाँप्रति नमन हुनु, स्वेच्छा र स्वीकृतिले उहाँको शरिअतको पालना गर्नु र उहाँ

बाहेक पूजिने सम्पूर्णलाई अस्वीकार गर्नु हो।

अल्लाहले सबै दूतहरूलाई एउटै सन्देश दिएर पठाउनुभयो; केवल एक अल्लाहको उपासना गर्नु, उहाँसँग कसैलाई साझेदार नगर्नु र उहाँ बाहेक पूजा गरिने सबै चीजहरूलाई अस्वीकार गर्नुको आह्वान थियो ।

इस्लाम सम्पूर्ण दूतहरूको धर्म हो । उहाँहरूको शरीयत (विधिविधान) हरू फरक फरक भए तापनि उहाँहरूको मूल दावत (आह्वान) र संदेश एउटै हो । आज मुस्लिमहरूले मात्र सबै दूतहरूले ल्याएको सही धर्मलाई पछ्याउँछन् । यस समयमा इस्लामको सन्देश मात्र सत्य हो, र यो मानवजातिका लागि सृष्टिकर्ताबाट पठाइएको अन्तिम सन्देश हो। जुन प्रभुले इब्राहिम, मूसा, र इसा (उनीहरूमा शान्ति होस्) लाई पठाउनुभयो, त्यही प्रभुले अन्तिम पैगम्बर हजरत मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) लाई पनि पठाउनुभएको हो। इस्लामी शरीयत (कानून) ले यसअघि भएका सम्पूर्ण कानूनहरूलाई बदर गरेको छ।

आज मानिसहरूले मान्ने सम्पूर्ण धर्महरू इस्लाम बाहेक कित मानिसहरूले बनाएका हुन्, वा ईश्वरीय धर्म थिए तर समयसँगै मानिसहरूले त्यसमा हस्तक्षेप गरे, जसका कारण ती धर्महरू अब मिथक, परम्परागत दन्त्यकथा र मानवीय

प्रयासको मिश्रण बनेका छन्।

जहाँसम्म मुस्लिमहरूको धर्मको सवाल छ, यो एक स्पष्ट धर्म हो जसमा कुनै परिवर्तन हुँदैन । त्यसैगरी यिनीहरूले अल्लाहको उपासना गर्ने तरिका पनि एक छ । सबैले दैनिक पाँच पटक नमाज पढ्छन्, आफ्नो सम्पत्तिमा जकात दिन्छन् र रमजानको महिनामा रोजा राख्छन् । यिनीहरूको संविधानलाई हेरौं, जुन पवित्र कुर्आन हो र यो सबै देशहरूमा एउटै पुस्तक छ । अल्लाह भन्नुहुन्छ:

﴿...ٱلۡيَوۡمَ أَكۡمَلۡتُ لَكُمۡ دِينَكُمۡ وَأَتۡمَمۡتُ عَلَيۡكُمۡ نِعۡمَتِي وَرَضِيتُ لَكُمُ ٱلۡإِسۡلَٰمَ دِينٗاۚ فَمَنِ ٱضۡطُرَّ فِي مَخۡمَصَةٍ غَيۡرَ مُتَجَانِفٖ لِّإِثۡمٖ فَإِنَّ ٱللَّهَ غَفُورٞ رَّحِيمٞ﴾

"आज मैले तिमीहरूका लागि तिमीहरूको धर्मलाई पूर्ण गरेको छु, तिमीहरूमाथि आफ्नो वरदान पूरा गरेको छु र तिमीहरूका लागि धर्म स्वरूप इस्लामलाई रोजेको छु । तसर्थ, जसले भोकले गर्दा विवश भएर पाप गर्ने मनशाय न राखी (मृत जनावरबाट खान्छ) भने उसलाई कुनै पाप लाग्दैन । निस्सन्देह अल्लाह अति क्षमाशील एवं परम दयालु हुनुहुन्छ ।" [सूरतुल् माइदाः ३] ।

अल्लाहले कुर्आनमा भन्नुभएको छ:

﴿قُلۡ ءَامَنَّا بِٱللَّهِ وَمَآ أُنزِلَ عَلَيۡنَا وَمَآ أُنزِلَ عَلَىٰٓ إِبۡرَٰهِيمَ وَإِسۡمَٰعِيلَ وَإِسۡحَٰقَ وَيَعۡقُوبَ وَٱلۡأَسۡبَاطِ وَمَآ أُوتِيَ مُوسَىٰ وَعِيسَىٰ وَٱلنَّبِيُّونَ مِن رَّبِّهِمۡ لَا نُفَرِّقُ بَيۡنَ أَحَدٖ

مِنْهُمْ وَنَحْنُ لَهُ مُسْلِمُونَ ﴿٨٤﴾ وَمَنْ يَبْتَغِ غَيْرَ الْإِسْلَامِ دِينًا فَلَنْ يُقْبَلَ مِنْهُ وَهُوَ فِي الْآخِرَةِ مِنَ الْخَاسِرِينَ ﴿٨٥﴾

"भनिदिनुहोस्: हामी अल्लाहमा विश्वास गर्छौं, र हामीतर्फ अवतरित गरिएका कुरामा, साथै इब्राहिम, इस्माईल, इसहाक, याकूब र उनका सन्ततिहरूलाई अवतरित गरिएका कुरामा। मूसा, इसा र अन्य पैगम्बरहरूलाई तिनीहरूको पालनकर्ताबाट दिइएका कुरामा पनि हामी विश्वास गर्छौं। हामी तिनीहरूमध्ये कुनैमा भेद भाव गर्दैनौं र हामी उहाँको आज्ञाकारी भक्त (मुस्लिम) हौं।" (८४)

जसले इस्लाम बाहेक अन्य धर्म ग्रहण गर्न खोज्छ, त्यो कदापि स्वीकार गरिने छैन र ऊ परलोकमा घाटा बेहोर्नेहरूमध्ये हुनेछ।" [आले इमरान : ८४-८५]।

इस्लाम एउटा पूर्ण जीवन व्यवस्था हो। यो प्राकृतिक र बौद्धिक धर्म हो। सामान्य मानिसहरूले यसलाई सहर्ष स्वीकार गर्दछन्। महान् सृष्टिकर्ताले आफ्नो सृष्टिका लागि यसलाई रोज्नुभएको हो। यसले सम्पूर्ण मानवलाई लोक परलोक दुवैमा भलाइ र खुशी दिन्छ। यसमा जाति वा रङ्गको आधारमा कुनै भेदभाव र विभेद गरिदैन। यसमा सबै मानिसहरूलाई समान दर्जा दिइएको छ। इस्लाममा असल

कर्मले मात्र मानिस ठूलो र अरू भन्दा फरक हुन्छ ।

अल्लाहले भन्नुभएको छ :

﴿مَنْ عَمِلَ صَٰلِحًا مِّن ذَكَرٍ أَوْ أُنثَىٰ وَهُوَ مُؤْمِنٌ فَلَنُحْيِيَنَّهُۥ حَيَوٰةً طَيِّبَةً ۖ وَلَنَجْزِيَنَّهُمْ أَجْرَهُم بِأَحْسَنِ مَا كَانُوا۟ يَعْمَلُونَ ﴿٩٧﴾﴾

(जसले ईमानको अवस्थामा रहँदा सत्कर्म गर्छ, चाहे पुरुष होस् वा महिला हामीले उसलाई निश्चित रूपमा सुखमय जीवन प्रदान गर्नेछौं र आखिरत (परलोक) मा उनीहरूले गरेका कार्यहरूको उत्तम प्रतिदान प्रदान गर्नेछौं [अन्-नहल: ९७] ।

इस्लाम सुख र समृद्धिको बाटो हो

इस्लाम सम्पूर्ण नबी-अगमवक्ताहरूको धर्म हो । अल्लाहले सम्पूर्ण मानवका लागि रोजेर पठाउनु भएको धर्म हो । यो कुनै व्यक्ति विशेष वा अरबहरूको लागि मात्र होइन ।

इस्लाम यस संसारमा असल सुख, शान्ति र समृद्धिको मार्ग हो र परलोकमा अनन्त आनन्दको स्रोत हो।

इस्लाम एक मात्र यस्तो धर्म हो जसले आत्मा र शरीरको आवश्यकताहरू पूरा गर्दछ र यसले मानवका सम्पूर्ण समस्याहरूलाई समाधान गर्दछ । अल्लाह भन्नुहुन्छ:

﴿قَالَ اهْبِطَا مِنْهَا جَمِيعًا بَعْضُكُمْ لِبَعْضٍ عَدُوٌّ فَإِمَّا يَأْتِيَنَّكُمْ مِنِّي هُدًى فَمَنِ اتَّبَعَ هُدَايَ فَلا يَضِلُّ وَلا يَشْقَى ﴿١٢٣﴾ وَمَنْ أَعْرَضَ عَنْ ذِكْرِي فَإِنَّ لَهُ مَعِيشَةً ضَنْكًا وَنَحْشُرُهُ يَوْمَ الْقِيَامَةِ أَعْمَى ﴿١٢٤﴾﴾

"हामीले भन्यौँ : तिमीहरु दुबैजना यहाँबाट सँगै तल ओर्ल, तिमीहरु एकअर्काका शत्रु हौ । जब तिमीहरुकहाँ मेरो तर्फबाट मार्गदर्शन आउँछ तब जसले मेरो निर्देशनलाई पछ्याउँछ, त्यो न पथभ्रष्ट हुन्छ न दुःख भोग्छ ।" (१२३)

"जो मेरो उपदेशबाट विमुख हुन्छ, निश्चय नै उसको जीवन दयनीय हुनेछ र हामी उसलाई न्यायको दिन अन्धो बनाएर उठाउनेछौं ।" [ताहा: १२३-१२४] ।

इस्लाममा प्रवेश गर्दा मलाई के फाइदा हुन्छ ?

इस्लाममा प्रवेश गर्दा धेरै फाइदाहरू छन्, जसमध्ये केही निम्न हुन्:

संसारमा अल्लाहको असल भक्त हुन पाउनु भनेको मानिसको लागि गर्व र सफलताको कुरा हो, अन्यथा ऊ शैतान र इच्छा-आकांक्षाहरूको दास बन्नेछ ।

परलोकमा सफलता भनेको अल्लाहले क्षमा गर्नु, खुसी प्रदान गर्नु, र जन्नतमा प्रवेश गर्नु हो, जसबाट मानिसले संतुष्टि प्राप्तिको साथ अनन्त आनन्द प्राप्त गर्नेछ। साथै,

यो आगोको यातनाबाट मुक्त हुनुमा पनि छ।

आस्थावानहरू न्यायको दिन पैगम्बरहरू, सत्यवादीहरू, शहीदहरू र अल्लाहका धर्मी सेवकहरूसँग हुनेछन् । यो कस्तो गजबको संगत !! जबकि अल्लाहमा विश्वास नगर्नेहरू अत्याचारी, दुष्ट, अपराधी र भ्रष्टहरूको साथ हुनेछन् ।

- अल्लाहले जसलाई स्वर्ग प्रदान गर्नुहुनेछ, तिनीहरु त्यसमा अनन्त सुखको साथ बस्ने छन्। त्यहाँ कुनै मृत्यु, रोग, बुढ्यौली, शोक र चिन्ता हुने छैन । उहाँले तिनीहरूको हरेक मनोकामना पूरा गर्नुहुनेछ । जबकि नर्कमा जानेहरू कहिल्यै समाप्त नहुने अनन्त पीडामा रहिरहनेछन् ।

- स्वर्गमा यस्ता चीजहरू हुनेछन्, जसलाई न त कुनै आँखाले देखेको छ, न कुनै कानले सुनेको छ, न त कुनै मानव हृदयले कल्पना गरेको छ । प्रमाण स्वरूप अल्लाहले भन्नुभएको छ :

﴿مَنْ عَمِلَ صَالِحًا مِنْ ذَكَرٍ أَوْ أُنْثَى وَهُوَ مُؤْمِنٌ فَلَنُحْيِيَنَّهُ حَيَاةً طَيِّبَةً وَلَنَجْزِيَنَّهُمْ أَجْرَهُمْ بِأَحْسَنِ مَا كَانُوا يَعْمَلُونَ ﴿٩٧﴾﴾

जसले सत्कर्म गर्छ चाहे ऊ पुरुष होस् या महिला, यदि ऊ आस्थावान छ भने हामी उसलाई (दुनियाँमा) सुखमय जीवन प्रदान गर्नेछौं र (आखिरतमा) उसले गरेको सत्कर्म भन्दा

उत्तम बदला दिनेछौं । [अन्-नहल : ९७] । अल्लाहले भन्नुभएको छ:

﴿فَلَا تَعۡلَمُ نَفۡسٞ مَّآ أُخۡفِيَ لَهُم مِّن قُرَّةِ أَعۡيُنٖ جَزَآءَۢ بِمَا كَانُواْ يَعۡمَلُونَ ١٧﴾

"तिनीहरूको आँखाको शीतलताका लागि तिनीहरूबाट के लुकाएर राखिएको छ कुनै पनि आत्मालाई थाहा छैन । यो तिनीहरूको (राम्रो कर्म) को प्रतिफल हो जुन तिनीहरू गर्ने गर्थे ।" [सूरत अस्-सजदा: १७]

यदि मैले इस्लामलाई अस्वीकार गरें भने, मलाई के घाटा हुनेछ?

मानिसले सबैभन्दा ठूलो ज्ञान-पहिचान र विश्वास गुमाउनेछ, जुन अल्लाहप्रतिको ज्ञान-पहोचान र विश्वास हो । जसले उसलाई यस संसारमा सुरक्षा र शान्ति प्रदान गर्दछ र परलोकमा अनन्त सुख र आशीर्वाद दिन्छ ।

मानिसले सबैभन्दा महान् पुस्तक, जसलाई अल्लाहले मानवजातिका लागि अवतरित गर्नुभएको हो, त्यसको अध्ययन र यस महान् पुस्तकमा विश्वास गुमाउनेछ।

मानिसले महान् पैगम्बरहरूमा विश्वास गुमाउनेछ, त्यसै गरी ऊ कियामतको दिन जन्नतमा तिनीहरूको संगत गुमाउनेछ। र ऊ शैतानहरू, अपराधीहरू, र अत्याचारीहरूको

संगतमा नरकको आगोमा हुनेछ, र यो नराम्रो घर र नराम्रो संगत हो ।

अल्लाहले भन्नुभएको छ :

﴿قُلْ إِنَّ الْخَاسِرِينَ الَّذِينَ خَسِرُوا أَنْفُسَهُمْ وَأَهْلِيهِمْ يَوْمَ الْقِيَامَةِ أَلَا ذَلِكَ هُوَ الْخُسْرَانُ الْمُبِينُ ۝١٥ لَهُمْ مِنْ فَوْقِهِمْ ظُلَلٌ مِنَ النَّارِ وَمِنْ تَحْتِهِمْ ظُلَلٌ ذَلِكَ يُخَوِّفُ اللَّهُ بِهِ عِبَادَهُ يَا عِبَادِ فَاتَّقُونِ ۝١٦﴾

"भनिदिनुहोस्, वास्तविक हानिमा पर्नेहरू ती मानिसहरू हुन्, जसले आफूलाई र आफ्ना परिवारलाई प्रलयको दिन हानि पुऱ्याए । जानिराख, यो स्पष्ट र वास्तविक घाटा हो । (१५)

तिनीहरूको माथि र मुनि आगोले ढाकिनेछन् । जसबाट अल्लाह आफ्ना भक्तहरूलाई डराउनुहुन्छ । हे मेरा भक्तहरू हो ! मसित नै डराऊ ।" [अज्जुमर : १५-१६] ।

परलोकमा मुक्ति पाउन चाहने व्यक्तिले इस्लाम स्वीकार गर्नुपर्छ र अन्तिम पैगम्बर मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) को अनुसरण गर्नुपर्छ ।

सबै अगमवक्ताहरू र सन्देशवाहकहरू द्वारा सहमत भएका तथ्यहरू मध्ये एउटा यो हो कि केवल ती मुस्लिमहरू परलोकमा मुक्ति पाउनेछन् जो अल्लाह सर्वशक्तिमानमा

विश्वास गर्छन् र उहाँको उपासनामा कसैलाई साझेदार गर्दैनन् अनि सबै पैगम्बरहरू तथा सन्देशवाहकहरूमा विश्वास गर्छन् । दूतहरूका सबै अनुयायीहरू, उहाँहरु माथि ईमान ल्याउने र उहाँहरूलाई सत्य मान्नेहरू स्वर्गमा प्रवेश गर्नेछन् र नर्कबाट मुक्त हुनेछन् ।

जो मुसा (अलैहिस्सलाम) को पालामा थिए र उहाँमा विश्वास गर्थे र उहाँको शिक्षालाई पालना गर्थे तिनीहरू असल मुस्लिम र आस्थावानहरू हुन् । तर जब अल्लाहले इसा (उहाँमाथि शान्ति होस्) लाई पठाउनुभयो, तब मूसाका अनुयायीहरूमाथि इसामा विश्वास गर्न आवश्यक भयो। येशूमा विश्वास गर्ने व्यक्ति सच्चा मुस्लिम हुन् । यसको विपरित, जसले येशू (शान्ति होस् उहाँ माथि) लाई अस्वीकार गऱ्यो र मोसा (शान्ति होस् उहाँ माथि) को धर्ममा अडिग रहयो तिनीहरू आस्तिक होइनन्; किनभने तिनीहरूले अल्लाहद्वारा पठाइएका पैगम्बरमाथि ईमान ल्याउन अस्वीकार गरे । त्यसपछि जब अल्लाहले अन्तिम सन्देशवाहक मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) लाई पठाउनुभयो, उहाँमाथि विश्वास गर्नु सबैको लागि अनिवार्य भयो । किनकि मोशा र येशुलाई पठाउने परमेश्वरले अन्तिम दूत मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) लाई

पठाउनुभएको हो । तसर्थ, जसले मुहम्मद (अल्लाह सल्लल्लाहु अलैहि वसल्लम) को रसूल हुनुमा विश्वास गर्दैन र मूसा वा येशूलाई पछ्याउन जिद्दी गर्छ भने त्यो साँचो विश्वास गर्ने व्यक्ति होइन।

एक व्यक्तिको लागि उसले मुस्लिमहरूलाई सम्मान गर्छ भनेर भन्नु पर्याप्त छैन, न त परलोकमा उसको मुक्तिको लागि दान दिन र गरिबहरूलाई मद्दत गर्न पर्याप्त छ । बरु यसका लागि अल्लाह, उहाँका पुस्तकहरू, उहाँका दूतहरू र अन्तिम दिनमा विश्वास हुनुपर्दछ । ताकि अल्लाहले उसको सत्कर्म स्वीकार गरुन्! किनभने शिर्क, अल्लाहको इन्कार, अल्लाहले उतारेका वही (प्रकाशन) लाई अस्वीकार गर्नु वा अन्तिम दूत मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) लाई इन्कार गर्नु भन्दा ठूलो पाप अरू केही छैन ।

तसर्थ, ती यहूदी, ईसाई र अन्य धर्मका अनुयायीहरू जसले 'मुहम्मद' सल्लल्लाहु अलैहि वसल्लम पैगम्बर हुनुहुन्छ भनेर सुने र उहाँलाई विश्वास गर्न र इस्लाम धर्ममा प्रवेश गर्न अस्वीकार गरे, तिनीहरू सधैंभरि नर्कमा रहनेछन् । यो अल्लाहको निर्णय हो, कुनै मानिसको होइन । अल्लाहले भन्नुभयो:

﴿إِنَّ الَّذِينَ كَفَرُوا مِنْ أَهْلِ الْكِتَابِ وَالْمُشْرِكِينَ فِي نَارِ جَهَنَّمَ خَالِدِينَ فِيهَا

أُولَٰئِكَ هُمْ شَرُّ الْبَرِيَّةِ ﴿٦﴾

अहले-किताव (यहूदी ईसाई) मध्ये काफिरहरू र मुश्रिकहरू कयामतको दिन नर्कको आगोमा जानेछन्, जहाँ तिनीहरू सधैं रहनेछन् । उनीहरू सबैभन्दा खराब प्राणी हुन् । [अल्-बय्यिना: ६] ।

अल्लाहले मानवताको लागि अन्तिम सन्देशको रूपमा इस्लामलाई अवतरण गरेको हुनाले हरेक मानिसले इस्लाम र अन्तिम पैगम्बर मुहम्मदको सन्देश सुन्नु, उहाँ माथि ईमान ल्याउनु, उहाँको नियम-कानुनलाई अनुसरण गर्नु र उहाँको आदेश र निषेधहरूको पालन गर्नुपर्दछ । तसर्थ जसले यो अन्तिम सन्देशको बारेमा सुन्छ र यसलाई अस्वीकार गर्छ, अल्लाहले उसको कुनै पनि कुरा स्वीकार गर्नुहुने छैन र उसलाई परलोकमा दण्ड दिनुहुनेछ ।

यसको एउटा प्रमाण अल्लाह सर्वशक्तिमानको यो कथन हो:

﴿وَمَنْ يَبْتَغِ غَيْرَ الْإِسْلَامِ دِينًا فَلَنْ يُقْبَلَ مِنْهُ وَهُوَ فِي الْآخِرَةِ مِنَ الْخَاسِرِينَ ﴿٨٥﴾﴾

जसले इस्लाम बाहेक अन्य धर्म ग्रहण गर्न खोज्छ, त्यो कदापि स्वीकार गरिने छैन र ऊ परलोकमा घाटा बेहोर्नेहरूमध्ये हुनेछ ।" (आले इम्रानः ८५)

अल्लाहले भन्नुभएको छ:

﴿قُلْ يَا أَهْلَ الْكِتَابِ تَعَالَوْا إِلَى كَلِمَةٍ سَوَاءٍ بَيْنَنَا وَبَيْنَكُمْ أَلَّا نَعْبُدَ إِلَّا اللَّهَ وَلَا نُشْرِكَ بِهِ شَيْئًا وَلَا يَتَّخِذَ بَعْضُنَا بَعْضًا أَرْبَابًا مِنْ دُونِ اللَّهِ فَإِنْ تَوَلَّوْا فَقُولُوا اشْهَدُوا بِأَنَّا مُسْلِمُونَ ﴿٦٤﴾﴾

(हे पैगम्बर!) भनिदेऊ– "हे अहले किताब ! एउटा यस्तो कुरातर्फ आऊ जो तिमी र हामीबीच समान छ: (त्यो के हो भने) हामी अल्लाह बाहेक अरू कसैको उपासना नगरौं, उहाँसँग अरू कसैलाई साझेदार नगरौं र अल्लाह बाहेक अरूलाई रब (पालनकर्ता) नमानौं । यदि तिनीहरू विमुख हुन्छन् भने भन, साक्षी रहनु, हामी मुस्लिम (आज्ञाकारी) हौं । [आले इम्रान : ६४] ।

म मुस्लिम बन्न के गर्नुपर्छ?

इस्लाममा प्रवेश गर्नको लागि यी छवटा स्तम्भहरूमा विश्वास गर्नुपर्छ:

अल्लाह सर्वशक्तिमानमा विश्वास गर्नु र उहाँ नै सबै कुराको सृष्टिकर्ता, पालनपोषणकर्ता र मालिक हुनुहुन्छ, उहाँ जस्तो कोही छैन, उहाँको कुनै पत्नी र बच्चा छैन, उहाँ नै उपासना योग्य हुनुहुन्छ, उहाँसँगै अरू कसैको उपासना गर्नु हुदैन र उहाँबाहेक अरूको पूजा गर्नु अमान्य हो भन्ने विश्वास

राख्नुपर्छ ।

२.मलाएकह (स्वर्गदूत) हरूमा विश्वास गर्ने र तिनीहरू अल्लाहका सेवकहरू हुन् र उहाँले तिनीहरूलाई प्रकाशबाट सृष्टि गर्नुभएको छ र तिनीहरूलाई सुम्पिएको जिम्मेवारीमध्ये एउटा काम नबी-रसूललाई वही (प्रकाशना) पुऱ्याउनु हो ।

३.अल्लाहले आफ्ना नबी-रसूलहरूलाई प्रदान गर्नुभएका सबै पुस्तकहरू जस्तै तौरात र बाइबल (परिवर्तन हुनु अघि) र अन्तिम पुस्तक पवित्र कुर्आनमा विश्वास गर्नु ।

४.नूह, अब्राहम, मोसेस, येशु र अन्तिम दूत मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम लगायत सम्पूर्ण दूतहरूमा विश्वास गर्नु । तिनीहरू मानव थिए, अल्लाहले तिनीहरूलाई वह्य (प्रकाशना) द्वारा समर्थन गर्नुभएको थियो । त्यसैगरी तिनीहरूको सत्यतालाई प्रमाणित गर्न अन्य चिन्हहरू र चमत्कारहरू प्रदान गर्नुभएको थियो ।

५.अन्तिम दिनमा विश्वास गर्नु, अल्लाहले पछिल्ला र अघिका सम्पूर्ण मानिसहरूलाई पुनजीवित गर्नुहुनेछ, आफ्ना सृष्टिहरू बीच न्याय गर्नुहुनेछ र विश्वासीहरूलाई स्वर्गमा र काफिरहरूलाई नर्कमा प्रवेश गर्नुहुनेछ ।

६.तकदीर (भाग्य) मा विश्वास गर्नु र विगतमा भएको र

भविष्यमा हुने सबै कुराहरू अल्लाहलाई थाहा छ । अल्लाहले सबै कुरालाई जानेर लेख्नुभएको छ । उहाँ नै सबै कुराको सृष्टिकर्ता हुनुहुन्छ ।

निर्णय गर्न ढिलाइ नगर्नुहोस्!

यो संसार स्थायी बसोबासको ठाउँ होइन।

यसका सौन्दर्य र सबै आकांक्षाहरू समाप्त हुनेछन् ।

एक दिन आउनेछ जब मानिसले आफ्नो कर्मको हिसाब दिनु पर्छ। त्यो न्यायको दिन हुनेछ । अल्लाह भन्नुहुन्छ:

﴿وَوُضِعَ الْكِتَابُ فَتَرَى الْمُجْرِمِينَ مُشْفِقِينَ مِمَّا فِيهِ وَيَقُولُونَ يَا وَيْلَتَنَا مَالِ هَذَا الْكِتَابِ لاَ يُغَادِرُ صَغِيرَةً وَلاَ كَبِيرَةً إِلاَّ أَحْصَاهَا وَوَجَدُوا مَا عَمِلُوا حَاضِرًا وَلاَ يَظْلِمُ رَبُّكَ أَحَدًا ﴿٤٩﴾﴾

"जब कर्म-पत्र अगाडि राखिनेछ, तब तिमीले अपराधीहरूलाई त्यसमा के छ भन्ने डरले त्रसित देख्नेछौ र उनीहरूले भन्नेछन् : धिक्कार छ, यो कस्तो किताब हो, जसले सानो वा ठूलो केही छोडेको छैन, तर सुरक्षित राखेको छ । तिनीहरूले गरेका सबै कर्महरू त्यसमा सुरक्षित राखेको देख्नेछन् । तपाईंको प्रभुले कसैमाथि दमन गर्नुहुने छैन ।" [अल् कहफ: ४९] ।

अल्लाह तआलाले भन्नुभएको छ, जसले इस्लामलाई

स्वीकार गर्दैन, उसले सधैंभरि नरकको आगोमा जल्नु पर्ने हुनेछ ।

यो कुनै सानो घाटा होइन, धेरै ठूलो नोक्सानी हो । सर्वशक्तिमान अल्लाहले भन्नुभयो:

﴿وَمَن يَبْتَغِ غَيْرَ الْإِسْلَامِ دِينًا فَلَن يُقْبَلَ مِنْهُ وَهُوَ فِي الْآخِرَةِ مِنَ الْخَاسِرِينَ﴿٨٥﴾﴾

"जसले इस्लाम बाहेक अन्य धर्म ग्रहण गर्न खोज्छ, त्यो कदापि स्वीकार गरिने छैन र ऊ परलोकमा घाटा बेहोर्नेहरूमध्ये हुनेछ ।" (आले इम्रानः ८५)

तसर्थ, इस्लाम बाहेक अरू कुनै धर्मलाई अल्लाहले स्वीकार गर्नुहुन्न ।

अल्लाहले हामीलाई सृष्टि गर्नुभयो र हामी उहाँतिर फर्कनेछौं र यो संसार हाम्रो लागि परीक्षा हो ।

हरेक मानिसले विश्वास गर्नुपर्छ: यो जीवन सपना जस्तै छोटो छ... र मृत्यु कहिले हुन्छ भन्ने कसैलाई थाहा छैन!

न्यायको दिन जब सृष्टिकर्ताले किन सत्यको अनुसरण गरेनौ र अन्तिम दूत मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) लाई किन पालन गरेनौ ? भनेर सोध्नु भयो भने के जवाफ दिनुहुनेछ?

त्यसोभए न्यायको दिन तपाईं आफ्नो प्रभुलाई के जवाफ दिनुहुनेछ? यधपी उहाँले इस्लाम अस्वीकार गर्दा हुने

परिणाम र इस्लामलाई स्वीकार नगर्नेहरूको वासस्थान सदाको लागि नर्क हुनेछ भनेर सचेत गराउनुभएको छ त?

अल्लाहले भन्नुभएको छः

﴿وَالَّذِينَ كَفَرُوا وَكَذَّبُوا بِآيَاتِنَا أُولَٰئِكَ أَصْحَابُ النَّارِ هُمْ فِيهَا خَالِدُونَ﴿٣٩﴾﴾

"जसले कुफ्र (अवज्ञा) गरे र हाम्रा आयतहरूलाई इन्कार गरे, तिनीहरू नै नर्कका बासिन्दा हुन्, त्यहाँ सधैंभरि रहनेछन्।" [अल-बकरह : ३९]।

सत्यलाई लत्याएर पुर्खाहरूलाई पछ्याउनेहरूका लागि कुनै बहानाले काम दिने छैन।

धेरै जसो मानिसहरू समाजको डरले इस्लाम स्वीकार गर्दैनन् भनेर अल्लाहले खुलासा गर्नुभएको छ।

धेरै मानिसहरूले आफ्ना पुर्खाहरूबाट विरासतमा प्राप्त गरेको वा उनीहरूको वातावरण र समाजबाट प्राप्त गरेको मुल्य-मान्यतालाई परिवर्तन गर्न चाहँदैनन्। जबकि धेरैले कट्टरता र असत्यप्रति वंशानुगत पूर्वाग्रहले गर्दा इस्लामलाई अस्वीकार गर्छन्।

र यी सबैका लागि यसमा कुनै बहाना छैन,। तिनीहरू अल्लाहको सामु तर्कविहीन अवस्थामा खडा हुनेछन्।

म नास्तिकमा नै रहनेछु किनकि म नास्तिक परिवारमा

जन्मेको हुँ भन्ने बहाना गर्न मिल्दैन! बरु, उसले अल्लाहले दिएको बुद्धि प्रयोग गर्नुपर्छ, आकाश र पृथ्वीको महानतालाई मनन गर्नुपर्छ र आफ्नो सृष्टिकर्ताले दिएको बुद्धिलाई यस संसारको सृष्टिकर्ता पत्ता लगाउन प्रयोग गर्नुपर्छ । त्यसैगरी, जसले ढुङ्गा र मूर्तिहरूको पूजा गर्छ, उसले आफ्ना पुर्खाहरूले त्यसो गरेको पाएको बहाना गर्न मिल्दैन । बरु उसले सत्यको खोजी गर्नुपर्छ र आफैलाई सोध्नु पर्छ: सुन्न नसक्ने, देख्न नसक्ने र मलाई कुनै पनि कुरामा फाइदा दिन नसक्ने निर्जीव वस्तुको पूजा मैले किन गर्ने ?!

त्यसैगरी, प्रकृति र तर्कविपरीत कुराहरूमा विश्वास गर्ने क्रिस्चियनले आफैलाई सोध्नुपर्छ : अरू मानिसहरूको पापको लागि कुनै पाप नगरेको आफ्नो छोरालाई परमेश्वरले कसरी मार्न सक्नुहुन्छ?! यो सरासर अन्याय हो! मानिसहरूले परमेश्वरको पुत्रलाई क्रूसमा टाँगेर कसरी मार्न सके ?! के परमेश्वरले आफ्नो पुत्रलाई मार्ने अनुमति नदिई मानवताका पापहरू क्षमा गर्न सक्षम हुनुहुन्न? के परमेश्वरसँग आफ्नो पुत्रको रक्षा गर्ने क्षमता छैन?

सत्यको अनुसरण गर्नु र पुर्खाको गलत मार्गमा नलाग्नु बुद्धिमान व्यक्तिको कर्तव्य हो ।

अल्लाहले भन्नुभएको छ :

﴿وَإِذَا قِيلَ لَهُمْ تَعَالَوْا إِلَى مَا أَنْزَلَ اللَّهُ وَإِلَى الرَّسُولِ قَالُوا حَسْبُنَا مَا وَجَدْنَا عَلَيْهِ آبَاءَنَا أَوَلَوْ كَانَ آبَاؤُهُمْ لَا يَعْلَمُونَ شَيْئًا وَلَا يَهْتَدُونَ ﴿١٠٤﴾﴾

"जब उनीहरूलाई भनिन्छ: अल्लाहले अवतरित गरेको कुरातर्फ र रसूलतर्फ आऊ, तिनीहरू भन्छन्: हामीले हाम्रा पुर्खाहरूलाई जुन कुरा गर्दै गरेको पाएका थियौं, त्यो हामीलाई पर्याप्त छ । यधपी तिनीहरूका पुर्खाहरूलाई केही थाहा नभएको र मार्गनिर्देशन नभए पनि ?" [अल्-माइदा : १०४] ।

इस्लाम धर्म स्वीकार गर्न चाहने तर आफन्तबाट डराउने व्यक्तिले के गर्नुपर्छ?

यदि कोही इस्लाम स्वीकार गर्न चाहन्छ तर आफ्नो समाज र वरपरको वातावरणले डराउँछ भने उसले आफ्नो इस्लाम आत्मसात गरेर लुकाउन सक्छ र जब अल्लाहले उसको बाटोलाई सहज गर्नुहुन्छ तब ऊ सबैको आगाडि घोषणा गर्न सक्छ ।

किनभने सत्य थाहा पाएपछि ढिलोनगरी तुरुन्तै इस्लाम स्वीकार गर्नु पर्छ, तर यदि कुनै प्रकारको हानिको डर छ भने, आफ्नो वरपरका मानिसहरूलाई यसको बारेमा सूचित गर्न वा प्रचार गर्न आवश्यक छैन ।

जान्नुहोस्, जब एक व्यक्तिले इस्लाम स्वीकार गर्दछ, ऊ लाखौं मुस्लिमहरूको दाजुभाइ बन्नेछ । उसले आफ्नो शहरमा रहेको मस्जिद वा इस्लामिक सेन्टरमा सम्पर्क गर्न सक्छ र र त्यहाँबाट सल्लाह तथा सहयोग माग्न सक्छ। उनीहरू यस्तो सहयोग गर्न पाउँदा खुशी हुनेछन् ।

अल्लाहले भन्नुभएको छ :

﴿...وَمَنْ يَتَّقِ اللَّهَ يَجْعَلْ لَهُ مَخْرَجًا ۝ وَيَرْزُقْهُ مِنْ حَيْثُ لَا يَحْتَسِبُ...﴾

"जो अल्लाहसँग डराउँछ, उहाँले उसको लागि निकास निकाल्नुहुनेछ ।

र उसलाई अकल्पनीय ठाउँबाट जीविका (रोजी) प्रदान गर्नुहुन्छ ।" [अत्-तलाकः २, ३]

प्रिय पाठक,

के सृष्टिकर्ता; परमेश्वरलाई खुसी पार्नु, जसले हामीलाई सबै आशिषहरू दिनुभएको छ, जसले आमाको पेटमा भ्रूण हुँदा खाना दिनुभयो र अहिले श्वासप्रश्वासको लागि शुद्ध हावा उपलब्ध गराउनुहुन्छ, मानिसहरूलाई खुसी पार्नु भन्दा महत्त्वपूर्ण छैन र ?

के लोक र परलोकको सफलताको लागि जीवनका सबै क्षणिक सुखहरू त्याग गर्न सकिदैन र? पक्कै पनि सकिन्छ!

त्यसैले, व्यक्तिले आफ्नो गलत बाटो सुधार्न र सही कार्य गर्न आफ्नो विगतलाई अवरोध बन्न दिनु हुँदैन।

मानिसले आज नै सच्चा र पक्का आस्थावान बन्नु पर्छ । आफु सत्य पछ्याउनबाट शैतानलाई रोक्ने मौका दिनु हुँदैन ।

अल्लाहले भन्नुभएको छ :

﴿يَا أَيُّهَا النَّاسُ قَدْ جَاءَكُمْ بُرْهَانٌ مِنْ رَبِّكُمْ وَأَنزلْنَا إِلَيْكُمْ نُورًا مُبِينًا ﴿١٧٤﴾ فَأَمَّا الَّذِينَ آمَنُوا بِاللَّهِ وَاعْتَصَمُوا بِهِ فَسَيُدْخِلُهُمْ فِي رَحْمَةٍ مِنْهُ وَفَضْلٍ وَيَهْدِيهِمْ إِلَيْهِ صِرَاطًا مُسْتَقِيمًا ﴿١٧٥﴾﴾

"हे मानिसहरु! तिमीहरुकहाँ तिम्रा पालनकर्ताको तर्फबाट स्पष्ट प्रमाण आइसकेको छ र हामीले तिमीहरुमाथि स्पष्ट प्रकाश अवतरित गरिसकेका छौं ।

जो अल्लाहमा आस्था राख्छन् र यस (कुरआन) लाई दृढतापूर्वक समात्छन्, वहाँले तिनीहरूलाई आफ्नो विशेष दया एवं कृपामा समावेश गर्नुहुनेछ र तिनीहरूलाई सत्यमार्गमा डोऱ्याउनुहुनेछ ।" [अन्-निसा: १७४-१७५] ।

के तपाईं आफ्नो जीवनको सबैभन्दा ठूलो निर्णय लिन तयार हुनुहुन्छ?

यदि अहिलेसम्म उल्लेख गरिएका सबै कुराहरू तार्किक

छन् र मानिसले सत्यलाई हृदयदेखि बुझेका छन् भने उसले इस्लाम स्वीकार गर्न पहिलो पाइला चाल्नुपर्छ ।

जो व्यक्ति आफ्नो जीवनको सर्वोत्तम निर्णय लिन र मुस्लिम बन्ने प्रक्रिया बुझ्न सहयोग चाहन्छ भने?

अतः पापले कसैलाई इस्लाममा प्रवेश गर्नबाट नरोकोस् । किनभने सर्वशक्तिमान अल्लाहले हामीलाई पवित्र कुर्आनमा बताउनुभएको छ, जब एक व्यक्तिले इस्लाम स्वीकार गर्दछ र आफ्नो सृष्टिकर्ताको अगाडि पश्चात्ताप गर्दछ, अल्लाहले उसका सबै पापहरू क्षमा गर्नुहुन्छ । इस्लाम स्वीकार गरेपछि पनि व्यक्तिबाट सानोतिनो पापहरू हुन सक्छ, किनकि हामी मानव हौं कुनै निर्दोष फरिश्ता होइनौं । यस्तो अवस्थामा अल्लाहसँग माफी माग्नु र उहाँसामु पश्चात्ताप गर्नु हाम्रो कर्तव्य हो । जब अल्लाहले देख्नुहुन्छ, कि हामीले सत्य स्वीकार गर्न छिट्टो गर्यौं, इस्लाममा प्रवेश गर्यौं र शहादतैनको वाचन गऱ्यौ भने, उहाँले हामीलाई अन्य पापहरू त्याग्न मद्दत गर्नुहुनेछ । किनभने जो अल्लाह तिर फर्कन्छ र सत्यलाई स्वीकार गर्दछ, अल्लाहले उसलाई थप भलाइको लागि मार्गदर्शन गर्नुहुनेछ । त्यसैले मानिसले इस्लाममा प्रवेश गर्न हिचकिचाउनु हुँदैन ।

यसको एउटा प्रमाण अल्लाहको यो कथन हो:

﴿قُلْ لِلَّذِينَ كَفَرُوا إِنْ يَنْتَهُوا يُغْفَرْ لَهُمْ مَا قَدْ سَلَفَ...﴾

(हे पैगम्बर!) यी काफिरहरूलाई भनः 'यदि तिनीहरू (आफ्नो कुकर्मबाट) रोकिए भने, उनीहरूका पहिलेका पापहरू माफ गरिनेछन ।" [अल-अन्फाल : ३८] ।

मैले इस्लाम धर्म ग्रहण गर्न के गर्नुपर्छ?

इस्लाममा प्रवेश गर्नु एकदम सजिलो कुरा हो । यसको लागि कुनै अनुष्ठान, औपचारिक कुरा वा व्यक्ति विशेषको उपस्थिति चाहिंदैन । 'शहादह' को अर्थ र अभिप्रायलाई सम्झेर अरबिकमा 'अश्हदु अल्ला इलाह इल्-लल्लाहु व अश्हदु अन्न मुहम्मदर्रसूलुल्लाह' (म गवाही दिन्छु, अल्लाह बाहेक उपासना योग्य अरू कोही (सत्य) छैन र मुहम्मद (सल्लल्लाहु अलैहि व सल्लम) अल्लाहका रसूल हुनुहुन्छ भन्नु पर्याप्त हुन्छ । यदि अरबिकमा भन्न गाह्रो छ भने आफ्नो भाषामा बोल्न सकिन्छ र यसरी तपाईं मुस्लिम बन्नुहुनेछ । त्यसपछि इस्लामको आधारभूत कुराहरू सिक्नु पर्छ, किनभने यो नै तपाईंको सुखमय जीवन र परलोकमा मोक्षको स्रोत हो ।

इस्लामको बारेमा थप जानकारी प्राप्त गर्नको लागि म

तपाईंलाई निम्न वेबसाइट लगइन् गर्न सुझाव दिन्छु: https://byenah.com/ne/discover-islam

https://quranenc.com/ne/home/redir/?iso_code=ne

इस्लामको अभ्यास कसरी गर्ने भनेर जान्नको लागि, हामी निम्न वेबसाइटहरू लग इन गर्न सुझाव दिन्छौं:

https://byenah.com/ne/muslims

❋❋❋

विषयसूची

ब्रह्माण्डलाई कसले सृष्टि गर्यो ? मलाई कसले र किन बनायो ?.....2

महान सृष्टिकर्ता परमेश्वर.....4

यो पालनकर्ता, सृष्टिकर्ता र जीविकोपार्जनकर्ता अल्लाह हुनुहुन्छ । 5

सृष्टिकर्ताका गुणहरू.....7

सत्य इश्वर (अल्लाह) आफ्ना सबै गुणहरूमा परिपूर्ण हुनुहुन्छ ।...8

महान् सृष्टिकर्ताले हामीलाई किन सृष्टि गर्नुभयो? उहाँ हामीबाट के चाहनुहुन्छ?.....12

किन धेरै रसूल (दूत) हरू पठाइयो?.....17

सम्पूर्ण दूतहरूमा विश्वास नगरी कोही मुमिन (आस्तिक) हुन सक्दैन ।.....18

पवित्र कुर्आन के हो?.....20

इस्लाम भनेको के हो ?.....21

इस्लाम सुख र समृद्धिको बाटो हो.....25

इस्लाममा प्रवेश गर्दा मलाई के फाइदा हुन्छ ?.....26

यदि मैले इस्लामलाई अस्वीकार गरें भने, मलाई के घाटा हुनेछ?. 28

परलोकमा मुक्ति पाउन चाहने व्यक्तिले इस्लाम स्वीकार गर्नुपर्छ र अन्तिम पैगम्बर मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) को अनुसरण गर्नुपर्छ ।.....29

म मुस्लिम बन्न के गर्नुपर्छ?.....33

निर्णय गर्न ढिलाइ नगर्नुहोस्!.....35

सत्यलाई लत्याएर पुर्खाहरूलाई पछ्याउनेहरूका लागि कुनै बहानाले काम दिने छैन । 37
इस्लाम धर्म स्वीकार गर्न चाहने तर आफन्तबाट डराउने व्यक्तिले के गर्नुपर्छ? 39
प्रिय पाठक, ... 40
के तपाईं आफ्नो जीवनको सबैभन्दा ठूलो निर्णय लिन तयार हुनुहुन्छ? 41
मैले इस्लाम धर्म ग्रहण गर्न के गर्नुपर्छ? 43

❋❋❋

جمعية خدمة المحتوى
الإسلامي باللغات